समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड

Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

Microfinance

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)

Boosting Agriculture..... Thinking Food Security & Poverty Reduction

केन्द्रीय कार्यालय: बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००

इमेल: samata@samata.org.np, वेबसाइट: www.samata.org.np

UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

As at the Quarter (Poush End) of the fiscal year 2079/080

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**3,485,341.09**	**3,575,268.73**	**3,426,771.45**
1.1	Paid-up Capital	342,744.19	342,744.19	342,744.19
1.2	Reserves and Surplus	263,844.25	239,819.64	144,831.32
1.3	Debenture and Bond			
1.4	Borrowings	1,522,510.53	1,688,527.82	1,739,281.50
1.5	Deposits (a+b)	1,179,182.31	1,153,272.15	1,036,323.11
	a. Domestic Currency	1,179,182.31	1,153,272.15	1,036,323.11
	b. Foreign Currency			
1.6	Income Tax Liabilities			
1.7	Other Liabilities	177,059.80	150,904.93	163,591.32
2	**Total Assets (2.1 to 2.7)**	**3,485,341.09**	**3,575,268.73**	**3,426,771.45**
2.1	Cash & Bank Balance	141,699.15	158,838.08	117,668.94
2.2	Money at Call and Short Notice			
2.3	Investments	500.00	500.00	500.00
2.4	Loans & Advances	3,212,913.87	3,286,462.66	3,214,295.57
2.5	Fixed Assets	30,871.07	29,887.78	27,627.12
2.6	Non Banking Assets			
2.7	Other Assets	99,357.00	99,580.21	66,679.82
3	**Profit and Loss Account**	**This Quarter Ending**	**Previous Quarter Ending**	**Corresponding Previous Year Quarter Ending**
3.1	Interest income	235,524.55	116,505.38	220,332.81
3.2	Interest Expense	137,139.09	67,437.91	103,188.48
A	**Net Interest Income (3.1-3.2)**	**98,385.46**	**49,067.47**	**117,144.33**
3.3	Fees Commission and Discount			
3.4	Other Operating Income	30,509.11	5,853.37	37,158.74
3.5	Foreign Exchange Gain/Loss (Net)			
B	**Total Operating Income (A+3.3+3.4+3.5)**	**128,894.57**	**54,920.85**	**154,303.07**
3.6	Staff Expenses	58,427.82	31,949.67	53,444.52
3.7	Other Operating Expenses	19,280.72	5,828.22	24,741.36
C	**Operating profit Before Provision (B-3.6-3.7)**	**51,186.03**	**17,142.95**	**76,117.19**
3.8	Provision for Possible Loss	5,793.89	10,536.09	19,724.50
D	**Operating profit (C-3.8)**	**45,392.15**	**6,606.86**	**56,392.69**
3.9	Non Operating Income/Expenses (Net)			
3.1	Write Back of Provision for Possible Loss			
E	**Profit From Regular Activities (D+3.9+3.10)**	**45,392.15**	**6,606.86**	**56,392.69**
3.11	Extraordinary Income/Expenses (Net)			
F	**Profit Before Bonus and Taxes (E+3.11)**	**45,392.15**	**6,606.86**	**56,392.69**
3.12	Provision For Staff Bonus	4,539.21	660.69	5,639.27
3.13	Provision For Tax	12,255.88	1,783.85	15,226.03
G	**Net Profit/Loss (F-3.12 -3.13)**	**28,597.05**	**4,162.32**	**35,527.39**
4	**Ratios**	**This Quarter Ending**	**Previous Quarter Ending**	**Corresponding Previous Year Quarter Ending**
4.1	Capital Fund to RWA	18.41%	17.04%	15.13%
4.2	Non Performing Loan (NPL) to Total Loan	4.57%	3.41%	2.09%
4.3	Total Loan Loss Provision to total NPL	38.20%	54.37%	67.74%
4.4	Cost of Funds	10.46%	7.96%	8.27%
4.5	CD Ratio (Calculated as per NRB Directives)	272.47%	284.97%	310.16%

Note : Above position & performance are subject to change if instructed by statutory auditor and regulatory authority.

Interest Rate			
1. Deposit	**4%-10.25%**	**2. Loan & Advance**	**8%-15%**

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम ३६ को उपनियम १ संग सम्बन्धित)

आ.व. २०७९/०८० को दोश्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमूख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी (बार्षिकमा)	१६।६५	प्रति शेयर नेटवर्थ	१७६।५८
तरलता अनुपात	४।२४	मूल्य आम्दानी अनुपात	५१।६०

२. व्यवस्थापकिय विश्लेषण :

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण :

वित्तीय क्षेत्रमा देखिएको तरलताको अभावको कारण समिक्षा अवधिमा लक्ष्य अनुसार व्यवसाय विस्तार हुन नसकि कुल वित्तीय मौज्दातका साथै तरलतामा समेत अपेक्षाकृत बृद्धि हुन सकेन। विगतमा बैंक तथा वित्तीय संस्थाहरुसँग लिईएको थोक विपन्न वर्ग कर्जाको वार्षिक व्याजदरमा क्रमिक रुपमा बृद्धि हुनुको साथै १९ वटा नयाँ शाखाहरु विस्तार भए सँगै वित्तीय तथा प्रशासनिक खर्चहरु तुलनात्मक रुपमा बढ्न गई कुल वित्तीय आम्दानीमा समेत प्रत्यक्ष प्रभाव परेको छ। तसर्थ कर्जा असुली प्रक्रियालाई थप व्यस्थित बनाई गुणस्तरिय कर्जा लगानीलाई प्राथमिकतामा राखि व्यवसाय विस्तारमा जोड, नयाँ शाखाहरुको वित्तीय क्षमतामा अभिवृद्धि साथै भाखा नाघेको कर्जाको व्यवस्थापनलाई प्राथमिकतामा राखि चालु त्रैमासमा वित्तीय मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक बृद्धि हुने गरी रणनीतिक योजना सहित व्यवस्थापन पक्ष अघि बढिरहेको छ।

ख. आगामी अवधिको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

आर्थिक वर्ष २०७९।८० को स्वीकृत संस्थागत वार्षिक नीति, कार्यक्रम तथा बजेट अनुरुप संस्थाको आर्थिक तथा प्रशासनिक क्रियाकलापहरु अघि बढिरहेको छ। संस्थाको आर्थिक, प्रशासनिक तथा संचालित कार्यक्रमलाई थप प्रभावकारी एवम् गुणस्तरीय बनाउने उद्देश्यले विगतमा कार्यान्वयनमा आएका नीति कार्यविधिहरु समयानुकुल आवश्यक परिमार्जन गर्दै सोको उत्कृष्ट कार्यान्वयन तर्फ व्यवस्थापन पक्ष सदैव गम्भिर रहँदै आईरहेको छ। कार्यरत कर्मचारीहरुलाई आआफ्नो क्षेत्रमा दक्ष एवम् क्षमतावान् बनाउने उद्देश्यले आन्तरिक तथा बाह्य तालिम तथा गोष्ठी संचालन गर्नुको साथै संचालित लघुवित्त कार्यक्रमको नियमित अनुगमन तथा सुपरिवेक्षणको लागि दक्ष सुपरिवेक्षकहरुको नियुक्ति गरी शाखा कार्यालयहरुको समग्र क्षमता अभिवृद्धि एवम् निर्धारित लक्ष्य अनुरुप प्रगति हासिल गर्ने तर्फ वित्तीय संस्था अघि बढिरहेको छ। साथै, पूँजीगतरुपमा थप उत्कृष्ट एवम् दरिलो लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित गराउने उद्देश्यले बनेपा-५, काभ्रेमा केन्द्रीय कार्यालय रहेको राष्ट्रियस्तरको कार्यक्षेत्र भएको स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. सँग गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा मिति २०७९ पौष १८ गते प्रारम्भिक समझदारीपत्र (MOU) मा दुई पक्ष बिच हस्ताक्षर सम्पन्न भई नियमानुसार मर्जर प्रक्रिया अघि बढिरहेको छ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्वन्धी विश्लेषणात्मक विवरण :

विगतमा कोभिड-१९ ले सिर्जना गरेको विषम परिस्थिति, वित्तीय बजारमा देखिएको तरलता अभाव, थोक विपन्न वर्ग कर्जामा उच्च व्याजदर बृद्धि, लघुवित्त संस्थाहरु बिच देखिएको अस्वस्थ्य प्रतिस्पर्धा, लघुवित्त कार्यक्रम विरोधी समूह आदिको कारण वित्तीय संस्थाले लक्ष्य अनुसार प्रगति हासिल गर्न चुनौतीपूर्ण देखिएको भएता पनि सम्बन्धीत सरोकारवाला निकायहरुसँगको समन्वय एवम् देखिएको चुनौतीहरुको शूक्ष्म अध्ययन गरि रणनीतिक योजना सहित संस्थालाई सकारात्मक दिशा तर्फ अघि बढाउने लक्ष्यका साथ वित्तीय संस्था अघि बढिरहेको छ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

समिक्षा अवधिमा कानूनी कारवाही सम्बन्धी कुनै किसिमको मुद्दा दायर नभएको।

४. लघुवित्त वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :

क) धितोपत्र विनियम बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण गर्ने हुदाँ यस सम्बन्धमा ब्यवस्थापन पक्षको कुनै टिप्पणी छैन।

ख) नेपाल स्टक एक्सचेन्ज लि. को वेवसाइट अनुसार यस त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोबार निम्न अनुसारले भएको देखिन्छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार भएको दिन	कारोवार संख्या	कुल कारोवार शेयर संख्या
रु. ५१५	रु. ७०१।२	रु.८६१	५२	५५७	५१,७०५

५. समस्या तथा चुनौती :

- लघुवित्त संस्थाहरुको संख्यात्मक बृद्धि सँगै अस्वस्थ्य प्रतिस्पर्धाको कारण गुणस्तरिय लघुवित्त सेवा प्रवाह गर्न चुनौती हुने देखिएको छ।
- हाल वित्तीय क्षेत्रमा देखिएको तरलता अभावको कारण लक्षित वर्गहरुको आवश्यकता बमोजिम कर्जा प्रवाह हुन नसकी लक्ष्य अनुरुप व्यवसाय विस्तारमा गर्न थप चुनौति हुने देखिएको छ।
- लघुवित्त कार्यक्रम विरोधी समूहहरुले नियमित फिल्ड संचालनमा गरेको अवरोध।
- दक्ष एवम् नैतिकवान् जनशक्तिको अभावको कारण लघुवित्त कार्यक्रमको मर्म अनुरुप प्रभावकारी रुपमा संचालन गर्न थप चुनौति हुने देखिएको छ।

यद्यपी, वित्तीय संस्थाले हाल देखिएको समस्या तथा चुनौतीहरुको शूक्ष्म अध्ययन गरि विद्यमान चुनौतीहरुलाई अवसरको रुपमा लिई वित्तीय संस्थाको समग्र सूचकहरुलाई सदैव सकारात्मक कायम राख्न वित्तीय संस्थाले आवश्यक रणनीतिक योजना सहित अघि बढिरहेको छ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासनका लागि संस्था सदैव प्रतिवद्ध रहेको छ। संचालक समितिका काम कारवाहीहरु तथा संस्थाका अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनभुति गराउन संस्था सदैव क्रियाशील छ। संस्थाले संस्थागत सुशासन कायम गर्नको लागि नेपाल राष्ट्र बैक तथा अन्य नियमनकारी निकायद्धारा जारी गरिएको निर्देशनहरुको पूर्ण कार्यान्वयनको लागि सञ्चालक समितिले विभिन्न नीति तथा निर्देशिकाहरु तयार गर्ने र उक्त नीति तथा निर्देशिकाहरुलाई व्यवस्थापन पक्षले कार्यान्वयन गर्दै आईरहेको छ।

७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन।